Rupantaran: A Multidisciplinary Journal
Vol. VIII: PP 152-168, February, 2024
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
DOI: https://doi.org/10.3126/rupantaran.v8i01.65211
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# 'मकवानी बाला' महाकाव्यमा नीतिपरक वक्रता

यज्ञप्रसाद गुरागाईँ, *पिएच डी* [१]
Email*: guragain.yagya@gmail.com*

## लेखसार

*यस लेखमा मकवानी बाला महाकाव्यमा निहित नीतिपरक वक्रता प्रयोगावस्थाको अध्ययन गरिएको छ । नीतिपरक वक्रतालाई लोकव्यवहार प्रधान वक्रता पनि भनिन्छ । यो कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तका स्थूल भेदमध्येको एक वाक्य वक्रताको उपभेद हो । काव्यमा धर्मादि पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) सिद्धिको उपकार गर्ने पदार्थलाई नै नीतिपरक वक्रता भनिन्छ । मकवानी बाला महाकाव्यमा यस प्रकारको नीतिपरक वक्रताको अवस्था के कस्तो रहेको छ भन्ने समस्यालाई मूल समस्याकथनका रूपमा लिई सोअनुरूप उक्त काव्यमा निहित नीतिपरक वक्रताको अवस्था पत्ता लगाउने उद्देश्य यस लेखमा राखिएको छ । यस अध्ययनबाट उक्त काव्यमा व्यक्त नीतिपरक वक्रताको अवस्था जानकारी हुनुका साथै यस आधारमा कुनै काव्यकृतिको अध्ययन गर्न चाहने भावी अध्ययताहरूलाई समेत यस लेखले सहयोग पुर्याउन सक्ने भएकाले यो अध्ययन औचित्यपूर्ण पनि छ । त्यसैले यस काव्यमा प्रस्तुत नीतिपरक वक्रताको अवस्थाको खोजी यहाँ गरिएको छ । यसका लागि पुस्तकालयीय पद्धतिबाट सङ्कलन गरिएका प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ भने प्रस्तुतीकरणको विधिका रूपमा निगमनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस प्रकारको वक्रताको अवस्था पत्ता लगाउनका लागि यहाँ देशप्रेम र राष्ट्रियता, ईश्वर र धर्म, दर्शन र विचार, संस्कार र संस्कृति, मानवता, सामाजिकता, अभिभावकता जस्ता सूचकहरू तय गरिएका छन् । यिनै सूचकहरूका आधारमा गरिएको विश्लेषणबाट प्रस्तुत काव्य नीतिपरक वक्रता प्रयोगका दृष्टिले समृद्ध बनेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी*** : पुरुषार्थ चतुष्टय, विच्छित्ति, उत्कर्षशाली, सहृदय

---

[१] *लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

**परिचय**

कविताका उत्तरोत्तर विकसित रूपहरूमध्ये महाकाव्य बृहत्/ बृहत्तर रूपमा रहेको हुन्छ । भावनाको आख्यानीकरण भएको कविताको सर्वाधिक ठुलो एवम् व्यापक रूप नै महाकाव्य हो । कविता एउटा सिङ्गो जिन्दगानीलाई बोकेर हिँड्ने क्रममा अनुभूतिको महानदी बग्न थालेमा महाकाव्य रूप प्रकट हुन्छ (त्रिपाठी र अन्य, २०५३, पृ. ७८) । यस्ता विशेषताले युक्त भएकाले *मकवानी बाला* पनि महाकाव्य हो । यस महाकाव्यका रचनाकार उमानाथशास्त्री सिन्धुलीय (१९७८ – २०३४) हुन् । वि.सं. २०३५ सालमा प्रकाशित यो काव्य स्वच्छन्दतावादी काव्यधाराको महŒवपूर्ण प्राप्ति हो । यस काव्यमा आधुनिक नेपालको इतिहासलाई विषयवस्तु बनाई त्यसलाई प्रबन्धात्मक रूपमा प्रस्तुत गरिएको हुँदा यो ऐतिहासिक महाकाव्य हो ।

वक्रोक्ति सिद्धान्तका प्रतिपादक पूर्वीय साहित्यशास्त्री कुन्तक हुन् । उनका अनुसार चतुरतापूर्ण कवि कर्म (काव्य निर्माण) कौशलको चमत्कारयुक्त कथन नै वक्रोक्ति हो (इ. १९५५, पृ. ५१) । अर्थात् वक्रोक्तिलाई उनले प्रतिभा सम्पन्न कविद्वारा प्रस्तुत गरिएको विच्छित्तियुक्त कथनका रूपमा लिएका छन् । शर्मा र लुइटेलका अनुसार साहित्य समालोचनाको वस्तुवादी सिद्धान्तका रूपमा रहेको वक्रोक्तिलाई कुन्तकले काव्यमा विशिष्ट स्थान दिई त्यसलाई काव्यको आत्मा समेत मानेका छन् (२०६१, पृ. ९३) । कुन्तकपूर्व नै वक्रोक्ति शब्दको प्रयोग भएको पाइन्छ । ती आचार्यहरूमध्ये कुन्तक सबै अलङ्कारका मूलमा वक्रोक्ति रहेको हुन्छ, वक्रोक्ति नभई कुनै भावको विभावना हुँदैन, यसका लागि कविले प्रयत्न गर्नुपर्छ भन्ने भामहको अवधारणाबाट प्रभावित देखिन्छन् । भामहले चर्चामा ल्याएको वक्रोक्तिलाई कुन्तकले स्वतन्त्र सिद्धान्तका रूपमा विकसित गरेका हुन् (पौडेल, २०६८, पृ. ६१०) भन्ने भनाइबाट पनि उक्त कथनको पुष्टि हुन्छ । वक्रोक्तिका छवटा स्थूल भेदहरू (वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता) मध्येको एउटा भेद वाक्य वक्रता हो । वाक्य पदसमूहबाट निर्मित भाषिक एकाइ हो । यसैलाई आधार मान्दै शर्मा र लुइटेलले पदसमूहबाट निर्मित वाक्यको वक्रतालाई वाक्य वक्रता भनेका छन् (२०६१, पृ. ९६) । यस प्रकारको वक्रतालाई वस्तु वक्रता, वाच्य वक्रता वा अर्थको वक्रता पनि भनिन्छ । कुन्तकका अनुसार वर्णनीय पदार्थरूप वस्तुको उत्कर्षशाली स्वभावलाई सुन्दर रूपमा केवल सुन्दर शब्दद्वारा गरिएको वर्णनलाई अर्थ या वस्तु वक्रता भनिन्छ (इ. १९५५, पृ. २९३) । यसलाई थप स्पष्ट पार्दै शर्माले वर्ण्य वस्तु, उक्त वस्तुको अर्थ र उक्त वर्ण्य वस्तुको कथन पद्धति नै वाक्य वक्रता हो भनेका छन् (२०७३, पृ. १०) । वाक्य वक्रता भनेको वर्णनीय विषयको उत्कर्षशाली चमत्कारपूर्ण प्रस्तुतीकरण हो । यसलाई कुन्तकले अनन्तस्वरूपी भनेका छन् (उपाध्याय, २०५५, पृ. २२५) । यस वक्रताका विभिन्न भेदहरू रहेका छन् ।

कुन्तकले वस्तुको वर्गीकरण दुई आधारमा गरेका छन् : कविको दृष्टिका आधारमा अर्थात् प्रस्तुतीकरणका आधारमा र सहृदयको दृष्टिका आधारमा । अर्थात् पाठकमा परेको प्रभावका आधारमा (नगेन्द्र, १९८३, पृ. २०५) । पहिलो वर्गमा सहजा र आहार्य वक्रता पर्दछन् भने दोस्रो वर्गमा स्वभावप्रधान, रसप्रधान र नीतिप्रधान वक्रता पर्दछन् । यस दोस्रो वर्गका वक्रताहरूलाई अधिकारीले काव्यको प्रभावका आधारमा गरिएको वाक्य वक्रताको भेद भनेका छन्

(२०७०, पृ. १०७) । यसर्थ सहृदयको ग्रहण प्रतिक्रियाका आधारमा गरिने वाक्य वक्रताको एउटा भेद नै नीतिप्रधान वक्रता हो । यसलाई व्यवहारप्रधान वाक्य वक्रता पनि भनिन्छ । खनालका अनुसार नैतिक सामाजिक मान्यता, बौद्धिकता, विचारतत्त्व आदि ज्ञानपरक विषयवस्तुको सौन्दर्यपूर्ण काव्यिक प्रस्तुतिद्वारा उत्पन्न हुने चमत्कारलाई व्यवहारप्रधान वाक्य वक्रता भनिन्छ (२०६८, पृ. ७२) । यिनले सद्ज्ञानमूलक पदार्थको सौन्दर्यमूलक प्रस्तुतीकरणलाई नै नीतिपक वक्रता मानेका छन् । कुन्तकले चाहिँ धर्मादि पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) सिद्धिको कारण बनेको पदार्थ लोकव्यवहारअनुरूप कविको वर्णनको विषय बनेको हुन्छ (इ. १९५५, पृ. ३३५) भनेका छन् । काव्यमा वर्णन गरिने विषयवस्तु नीतिपरक, व्यावहारिक एवम् जीवनोपयोगी हुन्छ भन्ने कुन्तकको मत छ (शर्मा, २०७०, पृ. ५८) । काव्यमा वर्णन गरिएको विषयमा कुनै न कुनै व्यावहारिक एवम् जीवनोपयोगी कारण लुकेको हुन्छ (शर्मा, २०७३, पृ. १५८) । यस्ता विषयको पदार्थबाट नै नीतिपरक वक्रताको सृजना हुन्छ । यसरी धर्मादि पुरुषार्थ चतुष्टयको सिद्धिको कारणभूत पदार्थको अभिव्यक्तिका लागि चामत्कारिक रूपमा काव्यमा प्रस्तुत गरिएको जीवनोपयोगी व्यावहारिक ज्ञान, नैतिक उपदेश वा वैचारिक बौद्धिक तत्त्वको वर्णन नै नीतिपरक वक्रता हो जसले दर्शक पाठकलाई दिशानिर्देश गरी लाभ पुर्‍याएको हुन्छ ।

*मकवानी बाला* महाकाव्यमा यही नीतिपरक वक्रताहरूको प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने कुरालाई यस लेखमा मुख्य समस्याका रूपमा लिइएको छ भने सो समस्याको समाधानार्थ उक्त काव्यमा नीतिपरक वक्रताको अवस्था पत्ता लगाउने उद्देश्य राखिएको छ । यस अध्ययनबाट *मकवानी बाला* महाकाव्यमा प्रयुक्त नीतिपरक वक्रताको प्रयोगको अवस्था प्राप्त हुनुका साथै काव्यको नीतिपरक वक्रतायुक्त अभिप्रायको जानकारी प्राप्त हुन जान्छ । प्रस्तुत विषयमा अरू कसैद्वारा अध्ययन गरेको नपाइएकाले यो अध्ययन नवीन छ । र अनुसन्धान गरिने विषयको रिक्ततालाई केही हदसम्म पुरा गर्ने भएकाले यस लेखको औचित्य सिद्ध भएको पनि छ ।

## विधि र सामग्री

गुणात्मक ढाँचाको अवलम्बन गरी लेखिएको यस लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट सामग्रीहरू सङ्कलन गरिएका छन् । उमानाथशास्त्री सिन्धुलीयद्वारा लिखित *मकवानी बाला* महाकाव्यका सान्दर्भिक श्लोकहरूलाई यस लेखमा तथ्यका रूपमा उपयोग गरिएकाले यहाँ उक्त काव्य प्राथमिक स्रोतको सामग्री बनेको छ । *मकवानी बाला* महाकाव्य र वक्रोक्तिको वस्तु (वाक्य) वक्रताअन्तर्गत नीतिपरक वक्रता भेदका बारेमा लेखिएका पुस्तक, लेख तथा अनुसन्धानात्मक कार्यहरूलाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ । नीतिपरक वाक्य वक्रताको प्रयोगको अवस्था पत्ता लगाउन देशप्रेम र राष्ट्रियता, ईश्वर र धर्म, दर्शन र विचार, संस्कार र संस्कृति, मानवता, सामाजिकता, अभिभावकीयता जस्ता बुँदाहरूलाई सूचक मानी यिनका आधारमा काव्यमा प्रयुक्त नीतिपरक वक्रताको अवस्थाको निरूपण गरिएको छ । नीतिपरक वक्रताको सिद्धान्तानुरूप उपयुक्त हुने काव्यका श्लोकहरूलाई तथ्यका रूपमा उपयोग गरी सो सिद्धान्त प्रयोग भएको पुष्टि गरिएकाले यहाँ प्रस्तुतीकरणको विधिका रूपमा भने निगमनात्मक विधिलाई उपयोग

गरिएको छ। खास तथ्यहरूबाट व्यक्त भएको अर्थाशयको व्याख्या विश्लेषण समेत प्रस्तुत गरिएकाले यहाँ विश्लेषणात्मक विधिको समेत उपयोग हुन पुगेको छ।

**परिणाम र छलफल**

*मकवानी बाला* महाकाव्यमा पुरुषार्थ चतुष्टय (धर्म, अर्थ काम र मोक्ष) को सिद्धिका कारण बनेका पदार्थहरूको प्रस्तुतीकरण भएको पाइन्छ। यस प्रकारका वस्तुबाट यहाँ नीतिप्रधान वाक्य वक्रताको सृजना भएको छ। यहाँ पाइएका नीतिप्रधान वाक्य वक्रताका प्रयोगहरूलाई देशप्रेम र राष्ट्रियता, ईश्वर र धर्म, दर्शन र दर्शन, संस्कार र संस्कृति, मानवता, सामाजिकता, अभिभावकीयता जस्ता शीर्षकमा निम्नानुसार प्रस्तुत गरिएको छ :

***देशप्रेम र राष्ट्रियता***

*मकवानी बाला* महाकाव्यमा देशप्रेम र राष्ट्रियताको भावना व्यक्त भएका प्रशस्त प्रयोगहरू पाइन्छन्। कतिपय प्रयोगहरूबाट नेपाली शासक र जनता दुवैका लागि लोकव्यवहारजन्य चैतन्य, मार्गदर्शन एवम् कर्तव्य वा दायित्वको भावाभिव्यञ्जना समेत भएको पाइन्छ। निम्न तथ्यबाट यस कथनको पुष्टि हुन्छ :

तथ्य १

जो बढ्दैछ समुद्रपार परको साम्राज्यवादी हुरी

त्यो रोकिन्न भने कुनै सुरतले ढाल्नेछ हाम्रो धुरी

यो अस्तित्व बचाउने समयमा छोरी बनून् पार्वती

यौटै लक्षित लक्षमा सफलता चाहन्छ मेरो मति (सिन्धुलीय, २०३५, पृ. ७५)।

भिच्छाखोरी तरीबाट मकवानपुरलाई दिनदिनै हाँक दिने (ऐ. ऐ., पृ. ७५) अङ्ग्रेज सेनालाई गोर्खाली सेनाले पराजित गर्दा दानवदर्पको दमन भएको र आर्यत्वको जित भएको भए पनि तत्कालीन अवस्थामा प्राप्त उपलब्धि हेरेर मात्र चुप लागेर बस्न नसकिने हेमकर्ण सेनको भनाइको वर्णन प्रसङ्गमा यस काव्यांशको अभिव्यक्ति भएको छ। यहाँ समुद्रपारिको साम्राज्यवादी शक्ति (अङ्ग्रेजको शक्ति) बढिरहेकाले त्यसलाई रोक्न सकिएन भने नेपालीहरूको धुरीरूप अस्तित्व समाप्त हुनेछ भनिएको छ। यस कथनबाट वैदेशिक शक्तिको सम्भावित आक्रमणको प्रतिवाद गर्न तयार रहनुपर्ने र तिनको हस्तक्षेपबाट नेपाली अस्तित्वलाई जोगाउनुपर्ने पदार्थ मार्मिक रूपमा प्रस्तुत भएको छ। यो पदार्थ धर्मादि सिद्धिको कारण बनेको र यसबाट भावकमा औपदेशिक सद्ज्ञानसमेत प्राप्त भएको छ। यसरी यहाँ देशको राष्ट्रिय स्वाभिमानलाई जोगाउने लक्षको सफलताका निम्ति नेपाली शासक र जनता सचेत हुनै पर्ने देशप्रेम एवम् राष्ट्रियता विषयक नीतिपरक वक्रताको सृजना भएको छ।

तथ्य २

थियो आज कर्तव्य यौटै सबैको

गरी सामना यो विदेशी हुरीको

बचाएर व्यक्तित्व वैरीसमक्ष

खडा राख्नु हिन्दूत्वको कल्पवृक्ष (ऐ. ऐ. पृ. ११३)।

दुलही लिन मकवानपुर पुगेका पृथ्वीनारायण शाहलाई राजभवनमा वास नदिई गुरुज्यू डाँडाको ओडारतुल्य पुरानो घरलाई कथित अतिथिगृह बनाई राखिएकामा उनका स्वाभिमानमा आँच पुगेको भावको वर्णन प्रसङ्गमा प्रस्तुत भएको यस काव्यांशमा त्यस प्रकारको अपमानित स्थितिमा पनि व्यक्तिगत मानमर्यादाको विषयमा भन्दा राष्ट्रिय समस्याको समाधानमा केन्द्रित हुनुपर्ने भाव अभिव्यक्त भएको छ । यहाँ विदेशी शक्तिको सामना गरेर हिन्दूत्वको कल्पवृक्षलाई खडा राख्नुपर्ने र यही नै सबै नेपालीको कर्तव्य हुने भाव अभिव्यक्त भएको छ। व्यक्तिगत पीडालाई बिर्सिएर विदेशीहरूको दुश्चक्रबाट हिन्दू राष्ट्र नेपालको राष्ट्रिय भविष्य सुरक्षित गर्नुपर्ने पदार्थ धर्मादि सिद्धिको कारण बनेको छ। यसबाट सहृदयमा देशप्रेम एवम् राष्ट्रियताको चैतन्य जागृत हुने अवस्था यहाँ देखिएको छ। यसर्थ प्रस्तुत विषयको वर्णनबाट यहाँ नीतिपरक वाक्य वक्रताको शोभा उत्पन्न भएको छ।

तथ्य ३

यौटै भूतलमा अनेक थर छन् साना ठुला सन्तति

आफ्नो जाति जमात भै सब जना गर्छन् ठुलो उन्नति

नेपाली किन भिन्नभिन्न हुनगो ? नेपाल भो खण्डित

देखिन्थे दिनरात चित्त नबुझी यै पीरले चिन्तित (ऐ. ऐ. पृ. ६७)।

गोरखाका युवराज पृथ्वीनारायण शाहमा सम्पूर्ण रूपले दरवारको सुख सुविधा भएर पनि नेपालको तत्कालीन अवस्था देखेर उनमा चिन्ता बढेको भावको वर्णन सन्दर्भमा यस काव्यांशको प्रस्तुतीकरण भएको छ। अरू मुलुकमा सबै देशवासी मिलेर देशको विकास तथा उन्नति प्रगतिमा जुटेका हुन्छन् तर हाम्रो मुलुक चाहिँ किन खण्डित भएको र नेपालीहरू खण्डित भएका हुन् भन्ने चिन्ता यहाँ व्यक्त गरिएको छ। देशप्रति माया ममता व्यक्त गरिएको यस काव्यांशमा अरूको सिको सिकेर पनि स्वदेशको उन्नतिमा लाग्नुपर्ने भावको सङ्केत गरिएको छ। यसरी स्वदेशको खण्डितावस्था र अवनतिप्रति चिन्ता व्यक्त गर्दै आस्था एवम् श्रद्धासाथ गरिएको स्वदेशको वर्णन देशप्रेम विषयक वस्तु हो। यसबाट भावकले मुलुकको विकासमा समर्पित हुनुपर्ने सद्ज्ञान प्राप्त गर्दछ। यसर्थ चतुर्वर्गको प्राप्तिको कारण बनेको यस पदार्थबाट यहाँ नीतिपरक वक्रताको सृजना भएको छ।

***ईश्वर र धर्म***

*मकवानी बाला* महाकाव्यमा महाकाव्यकारले ईश्वर र धर्म सम्बन्धी विषयको वर्णन चामत्कारिक रूपमा गरेका छन् । यहाँ ईश्वर र धर्मप्रति आस्था एवम् श्रद्धा व्यक्त गरिएका विषयको वर्णन गरिएको पाइएको छ । यसबाट काव्यमा नीतिपरक वक्रताको सृजना भएको छ । यस काव्यबाट लिइएका निम्न प्रयोगहरूलाई यस कथनको तथ्यका रूपमा प्रस्तुत गर्न सकिन्छ :

तथ्य १

आई सात समुद्रपार परको साम्राज्य फैलाउँछ

चाँदी कुन्द तुषारझैँ भरतको सत्कीर्ति मैल्याउँछ

चोखो गौरव आर्यको बिटुलिँदै जाँदैछ संसारमा

चिन्ता कत्ति लिँदैन मानव अहो ! यत्रो ठुलो हारमा ( (ऐ. ऐ. पृ. ६७) ।

गोरखाका युवराज पृथ्वीनारायण शाहले दरबारको सुख सुविधा पाएको भए पनि सुख सुविधामा नरमाई नेपालको तत्कालीन अवस्था देखेर उनी चिन्तित बनेको भावको वर्णन सन्दर्भमा यस काव्यांशको प्रस्तुतीकरण भएको छ । यहाँ अङ्ग्रेज साम्राज्य बढेर भारतवर्ष (नेपालमा समेत) मा भरतको सत्कृति मैल्याएको र आर्यको चोखो गौरव बिटुलिँदै गएको भए पनि यत्रो ठुलो पराजयमा पनि हिन्दू धर्म मान्ने व्यक्तिहरू चिन्तित भएका छैनन् भनिएको छ । यहाँ आर्यको चोखो गौरव भनेर सनातन धर्मलाई समेत सङ्केत गरिएको छ । यसरी आफ्नो सनातन धर्मप्रति भइरहेको हस्तक्षेपप्रति चिन्ता व्यक्त गरिएको यस पदार्थभित्र आफ्ना धर्मको रक्षार्थ जुट्नुपर्ने अप्रत्यक्ष उपदेशात्मक भाव लुकेको देखिन्छ । यसर्थ यहाँ धर्मादि प्राप्तिको कारण बनेको पदार्थबाट सहृदयलाई औपदेशिक ज्ञान प्राप्त भएको छ । यसबाट यहाँ नीतिपरक वक्रता देखापरेको छ ।

तथ्य २

सीमा दक्षिणको छँदैछ पहिलो त्यो शैल विन्ध्याचल

त्यस्तै उत्तरमा हिमालय खडा देखिन्छ यो उज्ज्वल

पूर्वी सिन्धु र पश्चिमी पनि उनै किल्ला छँदैछन् जहाँ

आर्यावर्त पवित्र भूमि अरुको के हो र ? पस्छन् यहाँ (ऐ. ऐ. पृ. ६७) ।

यो काव्यांश विदेशीहरूले आर्यावर्त भूमिको सीमा तोडेको भावको वर्णन सन्दर्भमा प्रस्तुत भएको हो । यहाँ उत्तरमा हिमालय दक्षिणमा विन्ध्याचल पर्वत र पूर्व तथा पश्चिममा सिन्धुको सिमाना भएको पवित्र आर्यावर्त भूमिमा

विदेशीहरू किन पस्छन् भनी उनीहरूको खराब मनासयप्रति कटाक्ष गरिएको छ । उल्लिखित सीमाभित्रको पवित्र आर्यभूमिमा खराब नियतका साथ प्रवेश गर्ने विदेशी व्यक्तिहरूलाई पस्न दिनुहुदैन, त्यस्ता व्यक्तिहरूले प्रवेश पाए भने यस पवित्र भूमिमा आर्यत्वको विनाश हुन्छ भन्ने शिक्षामूलक पदार्थ यहाँ प्रस्तुत भएको छ । आर्यत्व सनातनसँग सम्बद्ध विषय पनि हो । यस प्रकारको पदार्थ पुरुषार्थ चतुष्टयको प्राप्तिको कारण बन्न पुगेको हुँदा यहाँ धर्म विषयक नीतिपरक वक्रताको सृजना भएको छ ।

तथ्य ३

मिश्री बन्दछ झन् मिठो सखरको पेडा, खुवा दूधको

बन्ने अत्तर पुष्पसारहरूको हो दैव कर्तुत यो (ऐ.ऐ. पृ. ६६) ।

गोरखामा पृथ्वीनारायण शाहको जन्मपछिको अवस्थाको वर्णनका क्रममा प्रस्तुत गरिएको यस काव्यांशमा मिश्री, पेडा दुधको खुवा मिठो हुनु र पुष्पसारहरूबाट अत्तर बन्नु दैव अर्थात् ईश्वरको योगदानको परिणाम हो भनिएको छ । दैवको कृपाविना कसैको कुनै पनि गुणको मूल्य नहुने र व्यक्तिका कार्यहरू सफल असफल हुनुमा पनि दैवको भूमिका रहन्छ भन्ने आशय यहाँ प्रस्तुत भएको छ । यसरी व्यक्ति वा वस्तुका हरेक सकारात्मक कुरा वा गुणमा दैव वा ईश्वर नै कारणका रूपमा रहन्छ भन्ने पदार्थभित्र ईश्वरप्रति विश्वास, श्रद्धा वा आस्थाको भाव अन्तर्निहित रहेको छ । यो पदार्थ चतुर्वर्गको सिद्धिको कारण बनेको छ । यसबाट भावकमा ईश्वरप्रतिको आस्थाजन्य नैतिक उपदेश प्राप्त हुने भएकाले ईश्वर विषयक नीतिपरक वक्रता सृजना भएको छ ।

तथ्य ४

देवीको वरदान होस् कि अथवा होस् दैवको सिर्जन

मान्नैपर्दछ विश्वको नियम यो सौभाग्यशाली हुन

पन्छीले पनि पाल्नुपर्छ बचरा चारो चुचामा लगी

संसारी जन आत्तिँदैन कहिल्यै माया–नदीमा बगी (ऐ.ऐ. पृ. ७२) ।

इन्द्रकुमारीको उमेर बढ्दै जाँदा उपयुक्त वरको चयन गरी विवाह गरिदिन आमाबाबु हतारिएका छन् भन्ने भावको वर्णन सन्दर्भमा यस काव्यांशको प्रस्तुतीकरण भएको छ । यहाँ देवीको वरदान पाएको व्यक्तिले वा दैवको सृजनाले पनि विश्वको नियम मान्नुपर्दछ भनिएको छ । कुनै प्राणी सौभाग्यशाली हुन विश्वको नियमको पालना गर्नुपर्छ भनी प्राणीको धर्म वा कर्तव्यको महत्त्वको वर्णन पनि गरिएको छ । यस प्रकारको वर्णनबाट पुरुषार्थ चतुष्टय प्राप्ति हुने अवस्था सृजना हुनुका साथै सहृदयले नैतिक शिक्षा प्राप्त गर्ने अवस्था देखापरेको छ जसबाट यहाँ धर्मविषयक नीतिपरक वक्रताको सृजना भएको छ ।

तथ्य ५

झुल्के बल्ल नृपालका हृदयमा सन्तोषको भास्कर

छन् सर्वोपरि कर्म कर्तुत दुवै जिम्मा लिने ईश्वर

मायाजाल बनाउँछन् गजबको ढाकेर ओढाउन

प्राणी पालन गर्न भर्न दुनियाँ तातो नियानो दिन (ऐ.ऐ. पृ. ७६)।

मकवानपुरका राजा हेमकर्ण सेनलाई उनकी छोरी इन्द्रकुमारी वीर सैनिक भएका राज्यका युवराज पृथ्वीनारायण शाहलाई दिन उपयुक्त लागेको छ। यस विषयको वर्णनका क्रममा व्यक्त यस काव्यांशमा सर्वोपरि कर्म र कर्तुतको जिम्मा ईश्वरले लिन्छन् तथापि माया जालमा राखेर अलमल्याएका हुन्छन् भनिएको छ। ईश्वरले नै मानवका सबै कुराको जिम्मा लिन्छन् भन्ने भनाइबाट ईश्वरप्रति चरम आस्था एवम् विश्वास व्यक्त गरिएको छ भने ईश्वरीय शक्ति वा सत्ताको सर्वोपरिताको वर्णन पनि हुन पुगेको छ। धर्मादि प्राप्तिको कारण बनेको यस ईश्वर विषयक पदार्थबाट भावकले सद्ज्ञान प्राप्त गर्ने अवसर पनि पाएको छ। यसरी यहाँ पुरुषार्थ चतुष्टयको प्राप्तिको कारण बनेको विषयको वर्णनबाट चमत्कारको सृजना भएकाले नीतिपरक वक्रता देखापरेको छ।

तथ्य ६

छर्छन् रङ्ग गुराँसमा चहकिलो भर्छन् सुधामाधुरी

हुन्नन् तैपनि दृष्टिगोचर कतै लीला छ जादूगरी

यौटै यन्त्र नबिग्रने नखिइने संसारमा चल्दछ

तेसैबाट सदैव चालित हुने प्राणी उसै फुल्दछ ( (ऐ.ऐ. पृ. ७६)।

गोरखाका युवराज पृथ्वीनारायण शाहसँग इन्द्रकुमारीको विवाह गरिदिन उपयुक्त हुने सुझ प्राप्त गरेका मकवानपुरका राजा हमकर्ण सेनको निश्चिन्तताको वर्णन प्रसङ्गमा यस काव्यांशको अभिव्यक्ति भएको छ। यहाँ गुराँसमा चहकिलो रङ्ग छर्ने र सुधामाधुरी भर्ने, नदेखिने तर जादुमय लीला गर्ने, नबिग्रने, नखिइने यन्त्ररूप ईश्वरीय सत्ता र शक्तिको वर्णन गरिएको छ। यसबाट ईश्वरीय अस्तित्वको वर्णन हुन पुगेको छ जसबाट भावकमा आस्तिक भावना जागृत हुने अवस्था देखिएको छ। पुरुषार्थ चतुष्टय प्राप्तिको कारण बनेको ईश्वरप्रतिको आस्था विषयक पदार्थ अभिव्यक्त भएकाले यहाँ नीतिपरक वाक्य वक्रता उत्पन्न भएको छ।

***दर्शन र विचार***

*मकवानी बाला* महाकाव्यमा दर्शन र विचारसँग सम्बद्ध पदार्थको प्रस्तुतीकरण भई सहृदयमा वैचारिक चेतनाको अभ्यूदय हुनुका साथै व्यावहारिक एवम् जीवनोपयोगी सद्ज्ञान प्राप्त हुने अवस्था देखिएको छ । यस किसिमको प्रस्तुतीकरणबाट यहाँ काव्यिक चमत्कार सृजना भई नीतिपरक वक्रताको सृजना हुनपुगेको छ । निम्न प्रयोगहरूलाई तथ्यका रूपमा अगाडि सार्न सकिन्छ :

तथ्य १

यौटा उदरको वास

यौटै दूध चुसून् सब

कर्मले छुट्टिनैपर्छ

द्यौता मानव दानव (ऐ.ऐ. पृ. १८३) ।

इन्द्रकुमारीको तीर्थाटनमा गएका कञ्चुकीले ठाकुर राजाको वर्णन गरेका छन् । उनका अनुसार ठाकुर राजालाई स्वतन्त्र भएर राज्य चलाउन मन्त्री चण्डेश्वरले दिएको सल्लाह नमानेपछि उनले तामाकोसी तरेर दोलखा राज्य कब्जा गरी राजा भएको विषयको वर्णनका सन्दर्भमा पूर्वकथनका रूपमा यस काव्यांशको प्रस्तुतीकरण भएको छ । यहाँ एउटै आमाका सन्तानका मर्यादा वा गरिमा तिनको कर्मानुसार अलगअलग हुन्छ भनिएको छ । असल कर्मले व्यक्तिलाई महान् र खराब कर्मले तुच्छ बनाउने गर्दछ भन्ने भाव नै यस काव्यांशमा मुख्य रूपमा अभिव्यक्त भएको छ । यसबाट हामी मानिसले असल कर्म गर्नुपर्छ भन्ने नैतिक उपदेशमूलक पदार्थ अभिव्यक्त भएको छ । कर्मवादी दर्शनले युक्त यो पदार्थ पुरुषार्थ चतुष्टयको सिद्धिका कारण बनेकाले यहाँ नीतिपरक वक्रताको शोभा देखापरेको छ ।

तथ्य २

छुद्र भद्र छुचो जाती

मर्द नामर्द नामले

मनुष्य जातको प्राणी

हजारौँ बन्छ कामले (ऐ.ऐ. पृ. १८३) ।

ठाकुर राजाको दरबारबाट निस्केका कर्मवादी चण्डेश्वरको सोचाइको वर्णनका प्रसङ्गमा अभिव्यक्त यस काव्यांशमा कामका आधारमा मनुष्य छुद्र, भद्र, छुचो, मर्द, नामर्द आदि अनेक प्रकारको हुन्छ भनिएको छ । यहाँ काम अर्थात् कर्मको चर्चा गर्दै असल कर्म गर्न सुझाइएको छ भने असल कर्मबाट असल मनुष्य बन्न सकिने शिक्षामूलक पदार्थ पनि अभिव्यक्त भएको छ । यसर्थ सहृदयलाई लाभान्वित तुल्याउने कर्मवादी दर्शनले युक्त यो पदार्थ पुरुषार्थ चतुष्टय प्राप्तिको कारण बनेको हुँदा यो काव्यांश नीतिपरक वक्रताको उदाहरण बनेको छ ।

तथ्य ३

नीचऊँच बुद्धिले विचारले बनाउँछ

जात लिङ्ग वा उमेर झूठ बन्न आउँछ

बाहिरी विकासको यहाँ जरूरतै छ के ?

हुन्छ त्यै मनोज्ञ जुन् कहन्छ शुद्ध चित्तले (ऐ.ऐ. पृ. ११९) ।

राजा भएपछि पृथ्वीनारायण शाहलाई बुढी आमैले छेउछाउबाट खान सिक्नु अर्थात् नजिकका राज्यलाई पहिले एकीकरण गर्नु भन्ने सल्लाह दिने क्रममा यस काव्यांशको प्रस्तुतीकरण भएको छ । यहाँ जात, लिङ्ग वा उमेरका आधारमा नभएर व्यक्ति उसका वैचारिक पक्षका आधारमा उचनिच हुने र सस्तो लोकप्रियताका लागि देखावटी विकास गर्नुभन्दा आत्माले सही ठह¥याएका कुरालाई मात्र लागु गर्न उचित हुने सल्लाह प्रस्तुत भएको छ । धर्मादि चतुर्वर्गको कारण बनेको यस प्रकारको बौद्धिक वैचारिक अभिव्यक्ति मानिसको विशेषतः सत्तासीन व्यक्तिको हितानुकूल उपदेशात्मक भएकाले नीतिप्रधान वक्रताले युक्त छ ।

***संस्कार र संस्कृति***

*मकवानी बाला* महाकाव्यमा संस्कार र संस्कृति विषयक नीतिपरक वाक्य वक्रताका प्रयोगहरू पनि पाइएका छन् । यस प्रकारका वस्तु मूलतः नेपाली संस्कार र संस्कृतिको वर्णनसँग सम्बद्ध छन् । यस्ता वर्णनबाट नैतिक उपदेशमूलक भावको सञ्चार पनि भएको छ । यस कथनको पुष्टिका लागि निम्न प्रयोगहरूलाई तथ्यका रूपमा प्रस्तुत गर्न सकिन्छ :

तथ्य १

दान यो गहकिलो खँदिलो छ

नाप तौल नभएर भलो छ

देख्नको छ कमलो बलियो छ

पग्लँदैन तर यो गुलियो छ (ऐ.ऐ. पृ. १०१) ।

मकवानपुरमा इन्द्रकुमारीको विवाहमा कन्यादान गरेपछि कवि कथनकै रूपमा प्रस्तुत भएको यस काव्यांशमा कन्यादानलाई गहकिलो, खँदिलो, मापन गर्न नसकिने, भलो र देख्नमा कमलो भए पनि बलियो छ भनिएको छ । यस भनाइमा कन्यादानको संस्कारलाई सबै अभिभावकले कर्तव्य सम्झी पूरा गर्नुपर्ने आशय अभिव्यक्त भएको छ । समयमा

छोरीको दान गर्नुपर्छ भन्ने संस्कारजन्य यस कथनबाट उपदेशात्मक पदार्थ अभिव्यक्त भएको छ । संस्कार सम्बद्ध यस प्रकारको पदार्थ पुरुषार्थ चतुष्टयको प्राप्तिको कारण बनेको हुँदा प्रस्तुत काव्यांश नीतिपरक वाक्य वक्रता सृजना गर्ने कारण बनेको छ ।

तथ्य २

खसी राँगा बोका सुँगुर कुखुराको प्रलय भो

बिके ढुङ्ग्री मुन्द्री कति कुलवधूका रहरको

हिँडे लैना भैँसी हरतरह भो भीषण खती

खुसी मान्छन् उल्टै शिव शिव ! अनौठो छ जगती (ऐ.ऐ. पृ. ५१) ।

शरद ऋतुमा पर्ने दसैँ पर्वको वर्णनका सन्दर्भमा अभिव्यक्त भएको यस काव्यांशमा दसैँमा पशुबलि दिएकाले पशुधन खर्चभएको, गरिबहरूले गहना र लैना पशुहरू बेच्नुपरेको र तरहतरहको क्षति भएको तर पनि खुसी मानेर दुनियाँले दसैँ पर्व मनाएको भन्दै चाडपर्व मनाउने शैलीको वर्णन गरिएको छ । दसैँ मान्ने कुरा संस्कृतिजन्य विषय हो । तर संस्कृतिको अवलम्बनका नाममा औकातको सीमा बिर्सने र सुदूर भविष्यसम्म असर पुग्ने गरी पशुधन लगायतका सम्पत्ति स्वाहा गर्ने अनि त्यसको कत्ति पनि चिन्ता नलिई उल्टै खुसी हुने प्रचलन राम्रो होइन भन्ने आशय यहाँ व्यक्त भएको छ । चाडपर्वमा संस्कृतिको सट्टा विकृतिको अवलम्बन भइरहेको हुँदा त्यसो गर्न उपयुक्त हुँदैन भन्ने पदार्थ यहाँ अभिव्यक्त भएको छ । यस पदार्थले धर्मादि सिद्धिका लागि कारण बनेर भावकलाई व्यावहारिक नैतिक उपदेशात्मक सद्ज्ञान दिलाएको छ । यसबाट यहाँ नीतिपरक वक्रताको सृजना भएको छ ।

तथ्य ३

सम्पन्नका धेरजसो कुमारी

हुन्नन् घमण्डी अभिमानधारी

भिन्नै हुँदा रीतिरिवाज फेरि

सप्रन्न रे उत्ति बिहे मितेरी (ऐ.ऐ. पृ. ९२) ।

पृथ्वीनारायण शाहको विवाह इन्द्रकुमारीसँग गर्ने विषयमा गोरखाका राजारानीबिच भएको संवादका सन्दर्भमा यस काव्यांशको प्रस्तुतीकरण भएको छ । यहाँ सम्पन्न परिवारका छोरीहरू घमण्डी वा अभिमानधारी हुँदैनन्, त्यसैले कुलघरानका कुमारीहरूसँग विवाह गर्न उचित नै हुन्छ, साथै विवाह र मितेरीका निमित्त दोस्रो पक्षसँग रीतिरिवाज पनि मिल्नु आवश्यक हुन्छ भनिएको छ । यस कथनमा रीतिरिवाज मिल्ने परिवारका कन्या विवाह र मितेरीका लागि उपयुक्त हुन्छ भन्ने अभिप्राय अभिव्यक्त भएको छ । यसबाट व्यावहारिक ज्ञानरूप पदार्थ प्रस्तुत भएको र यो पदार्थ

धर्मादिसाधनोपायरूप पुरुषार्थ चतुष्टयको सिद्धिको कारण बनेको हुँदा यहाँ संस्कार विषयक नीतिपरक वक्रताको सौन्दर्य सृजना भएको छ ।

तथ्य ४

दोस्रो हुनैपर्छ कुटुम्ब उस्तै

सारा कुरामा ठिक आफुजस्तै

गुञ्जा कहाँ सक्छ सुवर्ण बन्न

यौटै तुला चढ्छ भनेर हुन्न (ऐ.ऐ. पृ. ८९) ।

पृथ्वीनारायण शाहको विवाहका लागि कन्याको चयनसम्बन्धी विषयको वर्णन प्रसङ्गमा अभिव्यक्त यस काव्यांशमा विवाहका लागि कुटुम्ब आफूजस्तै सबै कुरा मिल्ने हुनुपर्छ भन्दै यसको दृष्टान्त स्वरूप एउटै तुलो चढ्ने भए पनि गुञ्जा अर्थात् रातीगेडी सुवर्ण बन्न सक्तैन भनिएको छ । यस कथनमा विवाहका लागि आफूसँग अर्को पक्षको सबै कुरा अर्थात् आर्थिक वर्ग, सांस्कृतिक रीतिरिवाज लगायतका कुरा मिल्दो भएमा त्यस्तो सम्बन्ध दिगो हुने आशय प्रस्तुत भएको छ । यो आशय व्यावहारिक शिक्षासँग सम्बद्ध वस्तु हुनका साथै पुरुषार्थ चतुष्टयको सिद्धिको कारण समेत बनेको हुँदा यहाँ नीतिपरक वक्रताको शोभा देखापरेको छ ।

***मानवता***

मान्छेले मान्छेलाई मान्छेको व्यवहार गर्नुपर्छ, मानिसले मानिसलाई असहयोग वा विभेद गर्नुहुँदैन भन्ने भावना र त्यस प्रकारको व्यवहारलाई मानवतावाद भन्न सकिन्छ । *मकवानी बाला* महाकाव्यमा पनि यस प्रकारका मानवतावादी भावना विषयक वस्तु वक्रताका प्रयोगहरू प्रशस्त पाइएका छन् । तथ्यका रूपमा प्रस्तुत गरिएका निम्न प्रयोगहरूले यस कथनको समर्थन गर्दछन् :

तथ्य १

जो छन् ईश्वरका सपूत कहिले जो छन् दयाका धनी

छातीभित्र विशालता छ जसको आकाशभन्दा पनि

सीमा कुण्ठित स्वार्थको पर लगी जो बन्छ संसारको

जो चाहन्छ सुखी समाज ममता तोडेर व्यक्तित्वको (ऐ.ऐ. पृ. ७२) ।

छोरीहरूलाई छोरासरहको सन्तान नठानिएको र छोरीको जन्म हुँदा बाबुआमा दुवैलाई चिन्ता बढ्ने गरेको विषयको वर्णन सन्दर्भमा व्यक्त भएको यस काव्यांशमा ईश्वरका सन्तानका रूपमा जन्मेका मानिसहरू दयावान्, छातीभित्र विशालताले युक्त, स्वार्थको कुण्ठारहित तथा सुखी समाजको चाहना राख्ने हुनुपर्छ भन्ने भावनायुक्त कथन प्रस्तुत गरिएको छ। स्वार्थरहित उदार मन भएका मानिसको चाहना नै सुखी समाजको स्थापना हुन्छ भन्ने मानवतावादी भावनाले युक्त पदार्थको अभिव्यक्ति यहाँ प्रस्तुत भएको छ । यसबाट भावकमा मानवतावादी भावनाको चैतन्य बोध गराउने मानवतावाद विषयक प्रस्तुत पदार्थ पुरुषार्थ चतुष्टयको सिद्धिको कारण बनेको हुँदा यहाँ नीतिपरक वक्रता उत्पन्न भएको छ।

तथ्य २

आफू पात बनी दबेर अरूको लाली दिने ओठमा

पानी भै अरूकै रसाउन जरा सक्ने सबै बोटमा

यस्ता मात्र चुनी दिइन् प्रकृतिले सन्तानरूपी वर

यो सम्मान नपाउँदा कति भए फुस्रा लगौँटीधर (ऐ.ऐ. पृ. ७२)।

मानिसले परोपकारी भावना लिनुपर्ने भावको वर्णन सन्दर्भमा कवि कथनकै रूपमा व्यक्त भएको यस काव्यांशमा अरूका ओठमा खुसी भर्न सक्ने र पानी बनेर अरू मानिसका जरारूप आधारलाई रसिलो पार्न सक्ने व्यक्तिलाई प्रकृतिले सन्तानरूपी वर छानेको र यसो गर्न नसक्ने व्यक्तिहरू फुस्रा जोगी बन्नुपरेको छ भनिएको छ। परहित गर्न सक्ने वा चाहने व्यक्तिलाई प्रकृतिले समेत न्याय गरेको हुँदा मानव जीवनमा परोपकारी बन्नुपर्ने मानवतावादी पदार्थ यस कथनबाट व्यक्त भएको छ । यसरी मानवतावाद विषयक धर्मादि अर्थात् चतुर्वर्गको साधन प्राप्त गर्ने उपायभूत पदार्थको प्रस्तुतीकरण गरिएकाले यो काव्यांश नीतिपरक वक्रता सृजना गर्ने कारण बनेको छ।

***सामाजिकता***

सामाजिक रीतिस्थिति तथा विभेदजन्य व्यवहार आदिको काव्यिक अभिव्यक्ति गरी चमत्कारको सृजना गरिएका प्रयोगहरू *मकवानी बाला* महाकाव्यमा पाइएका छन्। यस्ता प्रयोगहरू नीतिपरक वक्रताका नमुना बनेका छन् यहाँ केही प्रयोगहरूलाई तथ्यका रूपमा प्रस्तुत गरिएको छ :

तथ्य १

गरौँ जाँदाजाँदै बरु अलिकता क्यै चुरिफुरी

भरौँ नारीनामा रजतपटमा काञ्जनजरी

उमारौँ सासूका निठुर मनमा क्यै छिन दया

बुहारी छोरीमा फरक नगरून् छुद्र बुढिया (ऐ.ऐ. पृ. ४९)।

वर्षा ऋतुको वर्णनका सन्दर्भमा कवि कथनकै रूपमा प्रस्तुत भएको यस काव्यांशमा छोरी बुहारीमा विभेद गर्ने निठुरी मनका सासूमा दया उमारेर त्यस किसिमको विभेदको अन्त्य गरौँ भनिएको छ । यहाँ छोरी र बुहारीमा फरक व्यवहार गर्ने सासूलाई छुद्र बुढिया भनिएको छ । विभेद अन्य गरेर बुहारीलाई पनि छोरीसरहको व्यवहार गर्न सुझाइएको यो कथन व्यावहारिक शिक्षामूलक पदार्थले युक्त छ । यस काव्यांशबाट यहाँ पुरुषार्थ चतुष्टय प्राप्तिको कारण बनेको पदार्थको चामत्कारिक प्रस्तुतीकरण भई नीतिपरक वाक्य वक्रताको सृजना भएको छ ।

तथ्य २

ऐनाभित्र सफा गरी हृदयका आँखा उघा¥यो भने

यो सामाजिक भेदभाव–कुहिरै टाढा लघार्यो भने

दैवी सम्पत्ति एकनास छ सबै हीरा तथा पत्थर

इच्छामा सब गर्छ निर्भर यहाँ तीतो मिठो के छ र ? (ऐ.ऐ. पृ. ७२) ।

मकवानपुरमा इन्द्रकुमारीको जन्म प्रसङ्गमा छोरीको जन्ममा उदास एवम् चिन्तित हुने अभिभावकहरूको उदासीपन तथा चिन्ता अनुपयुक्त छ, यो केवल परम्परागत रूपमा गरिएको सामाजिक भेदभाव मात्र हो भन्ने विषयको चर्चाका क्रममा यस काव्यांशको अभिव्यक्ति भएको छ । यहाँ हृदयका आँखा उघारेर हेर्यो भने वा छोरा र छोरीका बिचमा विभेद गर्ने प्रचलनलाई मनमा आउन दिइएन भने छोराछोरीरूप दैवी सम्पत्ति एकैनास छ भन्दै यसको दृष्टान्तका रूपमा हिरा र पत्थर राम्रो नराम्रो हुने कुरा हाम्रै इच्छामा निर्भर गर्दछ, यसमा तितो मिठो मान्नुपर्ने कुरा केही पनि छैन भनिएको छ । यसर्थ यहाँ सामाजिक भेदभावका विभिन्न रूपहरूमध्येको एउटा रूप छोरा र छोरीप्रति निर्माण भएको मनोविज्ञान र गरिएको व्यवहार अनुपयुक्त छ भन्ने पदार्थको अभिव्यक्ति भएको छ । यसबाट पुरुषार्थ चतुष्टय प्राप्तिका लागि उपयोगी हुने उपदेश एवम् व्यावहारिक ज्ञान प्रस्तुत भएकाले उक्त काव्यांश नीतिपरक वक्रताले युक्त छ ।

तथ्य ३

ऐह्लेसम्म छ विद्यमान थिति यो हाम्रा कुलाचारको

ज्वाला बन्दछ चित्तमा चहकिलो सौगात संसारको

जुन् दैवी उपहार हो मनुजको जुन् कण्ठको हार हो

त्यै पाएपछि हार मान्छ दुनियाँ यस्तै छ संसार यो (ऐ.ऐ. पृ. ७१) ।

यहाँ इन्द्रकुमारीको जन्म प्रसङ्गमा छोरीप्रतिको सामाजिक दृष्टिकोण प्रस्तुत गरिएको छ । हाम्रा कुलाचारमा छोरीप्रतिको नकारात्मक दृष्टिकोण अहिलेसम्म विद्यमान छ भन्दै यहाँ छोरी दैवी उपहार र पितामाताका कण्ठको हार (गहना) भएपनि त्यसलाई पाएपछि दुनियाँले हार (पराजय) महसुस गरेको छ भनिएको छ । दैवी उपहार वा कण्ठको हाररूप छोरीलाई पाउँदा हर्षित हुनुपर्नेमा दुनियाँ नै दुखित हुनु नकारात्मक सामाजिक सोचको परिणाम हो भन्ने आशय

यहाँ प्रस्तुत भएको छ । छोरीप्रतिको परम्परागत सोचाइमा परिवर्तन गर्न सुझाइएको यो पदार्थ नैतिक व्यावहारिक ज्ञान दिने पुरुषार्थ चतुष्टय सिद्धिको कारण बनेको छ । यसबाट यहाँ नीतिपरक वक्रताको सृजना भएको छ ।

***अभिभावकीयता***

*मकवानी बाला* महाकाव्यमा अभिभावकीय दायित्व वा कर्तव्य विषयक उपदेशात्मक अभिव्यक्तिहरू पनि पाइएका छन् । यस प्रकारका प्रयोगहरू यहाँ नीतिपरक वक्रता सृजना गर्ने कारण बनेका छन् । यस कथनको समर्थनका लागि काव्यबाट चयन गरिएका निम्न प्रयोगहरूलाई तथ्यका रूपमा अगाडि सार्न सकिन्छ :

तथ्य १

वैरी हुन तर पुत्रलाई गतिलो बाटो दिँदैनन् भने

छोरीलाई सुहाउँदो वर चुनी जिम्मा दिँदैनन् भने

आमा बाबु कहिन्न मानव फगत् सन्तान जन्माउने

थोत्रो देवल मात्र हो छिचिमिरा पारेर जन्माउने (ऐ.ऐ. पृ. ७३) ।

सन्तानप्रति बाबुआमाको कर्तव्यको वर्णन गरिएको यस काव्यांशमा छोरा वैरीसरह भए पनि तिनलाई उपयुक्त मार्ग नदिने र छोरीलाई उपयुक्त वर चयन गरी तिनको विवाह नगरिदिने बाबुआमा सन्तानप्रति जिम्मेवार अभिभावक होइनन्, ती छिचिमिरा पारेर सन्तान जन्माउने थोत्रो देवल सरह हुन्छन् भनिएको छ । यसबाट सन्तानप्रति बाबुआमा जिम्मेवार, सहयोगी एवम् उपकारी बन्नुपर्ने पदार्थको अभिव्यक्ति यहाँ भएको छ । यो पदार्थ बाबुआमाका लागि नैतिक व्यावहारिक ज्ञानले युक्त छ । यस प्रकारको वर्णनीय पदार्थ कविको वर्णनको विषय बनेको र यो चतुर्वर्गको सिद्धिको साधन बनेको हुँदा यहाँ नीतिपरक वाक्य वक्रताको शोभा उत्पन्न भएको छ ।

तथ्य २

कर्तव्य नै हो दश कर्म सारा

पूरा गरी बालिक पार्नु छोरा

जोडी जुटाई घरबार बाँधी

जिम्मा दिने सम्पत्ति राजगादी (ऐ.ऐ. पृ. ८८) ।

पृथ्वीनारायण शाहको विवाहका लागि उपयुक्त वधूको चयन गर्नुपर्छ र तिनलाई राज्यको उत्तराधिकार सुम्पनुपर्छ भन्ने प्रसङ्गमा प्रस्तुत भएको यस काव्यांशमा सन्तानरूप छोराप्रतिको बाबुआमाको कर्तव्यको वर्णन गरिएको छ । यहाँ छोराको दशकर्म सम्पन्न गरेर बालिक पार्ने, उपयुक्त जोडी जुटाएर घरबार बाँधिदिने र पारिवारिक सत्ता र सम्पत्ति

हस्तान्तरण गरिदिने कर्तव्य वा दायित्व बाबुआमामा रहन्छ भनिएको छ । बाबुआमा छोराका अभिभावक भएकाले उनीहरूले आफ्नो कर्तव्य पूरा गर्न आवश्यक हुन्छ भन्ने अभिभावकीय कर्तव्य विषयक पदार्थ यहाँ व्यक्त भएको छ । यसबाट व्यवहारोचित ज्ञान अभिव्यक्त भएको र धर्मादि पुरुषार्थ चतुष्टयको प्राप्तिको कारण बनेको हुँदा प्रस्तुत पदार्थ नीतिपरक वाक्य वक्रताको शोभाले युक्त छ ।

## निष्कर्ष

*मकवानी बाला* महाकाव्यमा पूर्वीय आचार्य कुन्तकका अभिप्रायानुसारको नीतिपरक वाक्य वक्रता प्रयोगको अवस्था के कस्तो छ भन्ने जिज्ञाशाको समाधानार्थ गरिएको यस अध्ययनमा उक्त महाकाव्यमा देशप्रेम र राष्ट्रियता, ईश्वर र धर्म, दर्शन र विचार, संस्कार र संस्कृति, मानवता, सामाजिकता, अभिभावकीयता विषयक नीतिपरक वाक्य वक्रताहरूको प्रयोग भएको पाइएको छ । यहाँ विदेशीहरूको खास गरी अङ्ग्रेजहरूको साम्राज्यवादी व्यवहारबाट सचेत भई एकताका बलमा उनीहरूबाट स्वतन्त्र हुने र स्वाभिमानी भई मुलुकको राष्ट्रिय भविष्यलाई सुरक्षित गनुपर्ने तथा अरूहरूले आआफ्नो मुलुकको विकास गरे पनि हामी चाहिँ खण्डित भई बस्नुपरेको पदार्थ अभिव्यक्त गरी देशप्रेम र राष्ट्रियता विषयक नीतिपरक वक्रता प्रस्तुत गरिएको छ ।

सनातन आर्यत्वको महिमा र पवित्र आर्यभूमिमा अरूको हस्तक्षेपप्रतिको विरोध, ईश्वर सत्ताको अस्तित्व र मानव जीवनमा ईश्वरको भूमिका आदिको वर्णनबाट यहाँ ईश्वर र धर्म विषयक नीतिपरक वक्रताको सृजना गरिएको छ । बुद्धि, विचार तथा कर्मले व्यक्तिको व्यक्तित्व निर्माण गर्दछ भन्ने पदार्थलाई दर्शन र विचार विषयक नीतिपरक वक्रता उत्पन्न गर्ने कारण बनाइएको छ । छोरीको विवाहको महत्त्व, चाडपर्वमा मनाउँदा अपनाउनुपर्ने सावधानी, विवाहमा कन्या वा कुमारको चयन गर्दा ख्याल राख्नुपर्ने जस्ता पदार्थको अभिव्यक्तिमा संस्कार र संस्कृति विषयक नीतिपरक वक्रता देखापरेको छ । परहित वा परोपकारी भावना र व्यवहारजन्य पदार्थको प्रस्तुतीकरणबाट यहाँ मानवतावाद विषयक नीतिपरक वक्रताको सृजना भएको छ । त्यस्तै छोरी बुहारीका बिचमा भएको भेदभाव तथा छोरा र छोरीका बिचमा गरिने विभेदजन्य सोचाइ र व्यवहाररूप पदार्थको चामत्कारिक प्रस्तुतीकरण पनि यस काव्यमा पाइएको छ । यसबाट सामाजिकता विषयक नीतिपरक वक्रताको सृजना भएको छ । यहाँ बाबुआमाले आफ्ना सन्तानप्रति गर्नुपर्ने कर्तव्य एवम् दायित्वजन्य वस्तुको वर्णन पनि गरिएको पाइन्छ । यस प्रकारका पदार्थलाई सौन्दर्यपूर्ण रूपमा प्रस्तुत गरिएकाले यस महाकाव्यमा अभिभावकीयता विषयक नीतिपरक वक्रताको शोभा देखापरेको छ । यसरी यस महाकाव्यमा विभिन्न प्रकारका विषयको वर्णन गरी काव्यमा पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) को सिद्धिको कारण बनेको पदार्थबाट नीतिपरक वाक्य वक्रताको सृजना भएको पाइएकाले यो महाकाव्य नीतिपरक वक्रता प्रयोगका दृष्टिले समृद्ध बनेको छ ।

## सन्दर्भसामग्री

अधिकारी, गंगाप्रसाद (२०७०), *तरुण तपसी नव्यकाव्यमा वक्रोक्ति,* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रि.वि. ।

उपाध्याय, केशवप्रसाद (२०५५), *पूर्वीय साहित्य सिद्धान्त,* (तेस्रो संस्क.), साझा प्रकाशन ।

कुन्तक, (इ. १९५५), *वक्रोक्तिजीवितम्,* (व्याख्या : आचार्य विश्वेश्वर), रामलाल पुरी ।

खनाल, श्यामप्रसाद (२०६८), *मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना*, [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], ने.सं.वि. ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (२०५३), *नेपाली कविता भाग ४*, (दोस्रो संस्क.), साझा प्रकाशन ।

नगेन्द्र, (१९८३), *भारतीय काव्यशास्त्र की भूमिका*, (तेस्रो संस्क.), नेशनल पब्लिसिङ हाउस ।

पौडेल, विष्णुप्रसाद (२०६८), वक्रोक्ति सिद्धान्त र यससँग शैलीविज्ञानको निकटता, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड*, रत्न पुस्तक भण्डार ।

शर्मा, ऋषिराम (२०७०), *नेपाली वक्रोक्ति परिचय*, इन्दिरा अर्याल ।

... (२०७३), नेपाली लघुकथामा वक्रता, *समकालीन साहित्य, (पू. ७८),* पृ.७ – १३ ।

... (२०७३), *गुरुप्रसाद मैनालीका कथामा वक्रता,* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रि.वि. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

सिन्धुलीय, उमानाथशास्त्री (२०३५), *मकवानी बाला*, साझा प्रकाशन ।